# "परिवर्तन" कथामा आलोचनात्मक चेत

तेजविलास अधिकारी
उपप्राध्यापक, वाल्मिकी, क्याम्पस, काठमाडौँ
tejkamere@gmail.com
DOI:
https://doi.org/10.3126/dmcj.v10i9.90573


## सार

अञ्जान विरहीको अञ्जान विरहीका कथाहरू (२०५५) कथासङ्ग्रहमा सङ्कलित परिवर्तन आलोचनात्मक चेतले भरिएको कथा हो । यस कथामा २०४६ साल अघिको पञ्चायती व्यवस्था र २०४६ सालपछिको बहुदलीय प्रजातान्त्रिक व्यवस्था नेतृत्व र समाजले भोगेको विशेष अवस्थालाई विषयका रूपमा चयन गरिएको छ । यस कथामा नेपाली राजनीतिले पारेको असरलाई समाज र प्रतिनिधि पात्रहरूसँग जोड्ने काम भएको छ । परिवर्तन कथामा नेपाली समाजको चेतना स्तर, वर्ग दृष्टिकोण र वर्गीय स्वरूपको पाटोमा पर्याप्त बहस गर्न सकिने ठाउँ रहेको छ । यस कथामा रहेको मोटे नेता, साधुराम, शिवे जस्ता पात्रहरू र सानेजस्ता पात्रको मनोदशा र समाजसँगको सम्बन्धलाई देखाइएको छ । कथामा आएका समाज विकासको स्वरूप र नेतृत्व वर्गले आफूलाई जनताभन्दा भिन्न बनाउँदै लगेको विषयलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । विश्लेष्य कथा 'परिवर्तन'ले समाज विकासको गतिलाई पक्रिन नसके जनताले व्यवस्थाप्रति अपनत्व महसुस नगर्ने विचार अभिव्यक्त छ । कथा विधाको विधागत तत्व भन्दा सामाजिक सचेतता र नेतृत्व जिम्मेवार बन्नु पर्ने विषयलाई आलोचनात्मक कोणबाट बहसको विषय बनाइएको छ ।



## शब्दकुञ्जी

अन्तर्द्वन्द्व, आलोचना, वर्गीय चेत, विद्रोह, सामाजिक यथार्थ


## विषय परिचय

अञ्जान विरही (२०३०) नेपाली साहित्यको प्रगतिवादी धारामा कलम चलाउने कथाकार हुन् । उनले आफ्नो साहित्यिक यात्रालाई सांस्कृतिक भूमिकाबाट बलियो बनाउँदै लगे । वि.सं. २०५० देखि उनले अभियान सांस्कृतिक परिवारमा सक्रिय रही साहित्य र कलामा विशेष योगदान पुऱ्याएका छन् । उनलाई २०५५ साल जेठ २० गतेका दिन तत्कालीन राज्यसत्ताले हत्या गरेको थियो । अञ्जान विरहीको वास्तविक नाम बुद्धिबहादुर श्रेष्ठ 'हेमन्त' हो । उनको अञ्जान विरहीका कथाहरू (२०५५) कथासङ्ग्रह प्रकाशित रहेको छ । यस कथासङ्ग्रहमा जम्मा १६ ओटा कथाहरू सङ्गृहीत रहेका छन् । 'परिवर्तन' कथा कथासङ्ग्रहमा रहेको सामाजिक विषयवस्तुलाई सुन्दर ढङ्गले चित्रण गरिएको कथा हो । उनका अधिकांश कथामा नेपाली ग्रामीण समाजको द्वन्द्वात्मक स्थितिको चित्रण गरिएको हुन्छ । नेपाली समाजको वास्तविक चित्रलाई वर्गीय कोणबाट व्याख्या विश्लेषण गर्न कथामा रहेको यथार्थको पाटोलाई जति खोतल्न सक्यो त्यति नै उनका कथाले बोकेको गहन अर्थ खुल्दै जान्छ । नेपालको राजनैतिक इतिहासमा पञ्चायतले आम मानिसलाई हैरानी पारेको परिप्रेक्ष्यमा बहुदलीय प्रजातन्त्रको वकालत गर्नेहरू पनि बहुदलको एउटा चुनावबाट सरकारमा पुग्नेबित्तिकै आफू पनि उही पञ्चायती शैलीको निरन्तरतामा रमाउन थालेको स्थितिले आमजनतामा

गहिरो निराशा, सचेत युवाहरूमा आक्रोश र सत्तासुखमा रमाएका पात्रहरूको परिवारमा अनौठो खालको परिवर्तन देखिएको विषयको कलात्मक प्रस्तुति 'परिवर्तन' कथामा रहेको पाइन्छ ।

कथाकार अञ्जान विरहीको 'अञ्जान विरहीका कथाहरू'मा सङ्कलित कथा 'परिवर्तन'को विश्लेषण आलोचनात्मक चेतको आलोकमा प्रस्तुत गर्नु लेखको मुख्य प्राज्ञिक समस्या रहेको छ । यही समस्यासँग सम्बन्धित भई 'परिवर्तन' कथालाई प्रगतिवादी आधारबाट अध्ययन गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । 'परिवर्तन' प्रयोजनका लागि पुस्तकालयीय विधिबाट सामग्रीको सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि प्रगतिवादी सिद्धान्तको उपयोग गरिएको छ । यस लेखमा कथामा रहेको विषयवस्तु, सामाजिक यथार्थको पक्ष र अन्तर्द्वन्द्वको पक्षको आधारमा विश्लेषण गरी आलोचनात्मक चेतको निरुपण गर्नु यस लखेको शक्ति सीमा रहेको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेख मूलतः विश्लेषणात्मक लेख हो । यस लेखमा साहित्यमा प्रगतिवादी मान्यताको अधारभूत पक्ष आलोचनात्मक चेतलाई सन्दर्भित गरिएको छ । यस लेखमा 'अञ्जन विरहीका कथाहरू' कथासङ्ग्रह (२०५५) दोस्रो संस्करण (२०७९) भित्रको कथा 'परिवर्तन'का विविध पक्षहरूको खोज गरी कथाभित्र रहेका प्रतिनिधिमूलक सान्दर्भिक हरफहरूलाई साक्ष्यका रूपमा समेत देखाउँदै र सोही कथालाई नै प्राथमिक सामग्रीका रूपमा स्वीकार गरिएको छ । सैद्धान्तिक पर्याधार निर्माण कार्यमा उपयोगी सामग्री जुन पूर्व अध्ययन, अनुसन्धान आदिबाट प्राप्त सामग्रीहरूका आधारमा विश्लेषण गरी त्यसलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । लेख गुणात्मक अनुसन्धान पद्दतिमा आधारित भएकाले पाठ विश्लेषणको विश्वसनीय ढाँचा तयार गरेर त्यसमा आवश्यक अर्थबोध र कथा रचनाको पृष्ठ सन्दर्भलाई समेत आधार मानी विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

प्रगतिवाद वा समाजवादी यथार्थवाद सामाजिक आन्दोलनको नवीनतम् एवं उच्चतम् प्राप्ति हो । यसले कला साहित्यको समीक्षण र मूल्याङ्कन सम्बन्धी वस्तुतथ्यात्मक विधि अवलम्बन गर्छ । मार्क्सवादले कला साहित्यलाई आर्थिक आधारमाथि खडा भएको बाह्य संरचना मान्ने गरेको परिप्रेक्ष्यमा उत्पादन र उत्पादनका साधनसँग मानवीय श्रम र साहित्यको सम्बन्ध जीवित रहेको हुन्छ । यही सन्दर्भमा प्रगतिवादी साहित्यिक मान्यताले साहित्यको विश्लेषणमा अपनाउने आधारहरूलाई यहाँ निम्नानुसार प्रस्तुत गरिन्छ;

> जीवन र जगत्को अध्ययन गर्ने वैज्ञानिक पद्धतिलाई मार्क्सवाद भनिन्छ । मार्क्सवादअन्तर्गत संसारलाई चिन्न र संसारको विश्लेषण गर्न आवश्यक पर्ने समाजको अध्ययन गरिन्छ । जीवन र जगत्को अध्ययन गर्नका निम्ति दर्शन, राजनीति र अर्थशास्त्र जस्ता समाजसँग सम्बन्धित तीन अति महत्वपूर्ण पक्षहरूबारे वैज्ञानिक धारणा विकसित गर्नु आवश्यक हुन्छ । दर्शन, राजनीति र अर्थशास्त्रका सम्बन्धमा आजसम्म विकास भएका वैज्ञानिक धारणाहरूको योग नै मार्क्सवाद हो । (अर्याल, २०४७, पृ. १) समाज सधैं उही र उस्तै स्वरूपमा रहँदैन । समाजलाई परिवर्तन गर्नका लागि मानिसको निकै ठूलो भूमिका रहेको हुन्छ । समाजभित्रका विषयलाई मानिसले बनाएको धारणा र त्यस धारणाले निर्माण गरेको आलोचनात्मक चेतले नै समाजलाई बाटो देखाइरहेको हुन्छ ।

> समाजले प्राप्त गरेको आधुनिक चेतले वस्तुलाई हेर्ने दृष्टिकोणमा फराकिलोपन ल्याउँछ भने समाजमा देखिने बाह्य परिदृश्यहरूलाई अन्तर तहबाट विस्तारै गुणात्मक परिवर्तन गराइ फरक दृश्यावलीमा पुऱ्याउन मद्दत गर्दछ । यस सम्बन्धमा कलात्मक अभिव्यक्तिका माध्यमहरूमध्ये आख्यान विधाले समाजलाई गुणात्मक हिसाबले फेर्नका निम्ति महत्वपूर्ण योगदान पुऱ्याएको हुन्छ । कथामा पनि मुलुकका विद्यमान राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक गतिविधि र क्रियाकलापको प्रभाव पर्न गएको छ । (पौडेल, २०७९, पृ. ८)

समाज र इतिहासको विकास प्रक्रियामा वर्गसङ्घर्षले केन्द्रीय र निर्णायक कारक तत्वको भूमिका निर्वाह गर्दछ । यो वर्गसङ्घर्षको अभिव्यक्ति विभिन्न विचारधारात्मक रूपहरूमा हुन्छ तर समाज व्यवस्थाको आधार र अधिरचनाको सम्बन्ध सोझो र एकपक्षीय नभए जस्तै वर्गसङ्घर्ष र विचारधारात्मक रूपहरूको सम्बन्ध पनि सोझो र एकपक्षीय हुँदैन । विचारधारा इतिहास प्रक्रियाको देन मात्र होइन, यसले इतिहासको प्रक्रियालाई समेत प्रभाव पार्दछ । (चापागाईं, २०६७, पृ. ६९) यस हिसाबले हेर्दा आलोचनात्मक चेतको जग मार्क्सवाद हो । समाजमा मूल्य प्रणालीलाई उत्पादन शक्तिसँग जोडेर हेर्दा समाजको वर्ग सम्बन्ध र सङ्घर्षको पक्ष बुझ्न सजिलो हुन्छ । उत्पादन सम्बन्धले समाजको वर्ग सम्बन्ध र सामाजिक परिपाटीलाई परिभाषित गर्दछ । "उत्पादन समाज भित्र हुने प्रक्रिया हो । सामन्ती समाजमा सामन्ती उत्पादन सम्बन्ध कायम रहेको हुन्छ । उत्पादन सम्बन्धको वर्गीकरण उत्पादक शक्तिको विकासको आधारमा गरिन्छ ।" (अर्याल, २०४७, पृ. २८) समाज उत्पादनका आधारमा ध्रुवीकृत भएको हुन्छ समाजको निम्न वर्गका मानिस श्रमको सौन्दर्यमा बाँचेको छ भने त्यसले कालान्तरमा श्रम शोषणको पाटो बुझ्दै जाँदा आलोचनात्मक चेतको निर्माण हुन थाल्छ ।

> सामान्य लाग्ने तथ्यका पछाडि पनि गम्भीर परिवर्तनको सङ्कल्प र व्यवहार हुन सक्छ । कलाकारले यो पक्षलाई प्रकाशमा ल्याउन सक्नुपर्दछ । नेपाली समाजमा व्याप्त जातीय, क्षेत्रीय, लिङ्गीय विभेदलाई नयाँ दृष्टिले हेर्न जरुरी छ । विसङ्गतिको बिचबाट नयाँ सङ्गतिको निर्माणमा लागिपरेको सामाजिक राजनीतिक जीवनको खोजी हाम्रो चासोको विषय हो । (ढकाल, २०६७, पृ. ३०)

भन्दै जनयुद्धले नेपाली जनजीवनमा यसभन्दा अघि नभएका अनुभूति र धारणाहरूलाई जीवन्त र गहिरो ढङ्गले सतहमा ल्याएको छ । आलोचनात्मक चेतको नेपाली आधार जनयुद्ध भएकाले यसलाई मार्क्सवादी धाराको साहित्य लेखनको पछिल्लो मानकका रूपमा खडा गर्ने प्रयास समेत भएको छ ।

उपर्युक्त सैद्धान्तिक पर्याधारलाई नै आधार बनाएर 'परिवर्तन' कथामा रहेको सामाजिक यथार्थ र आलोचनात्मक चेतको पक्षलाई देखाइएको छ ।

## छलफल र विश्लेषण

सामाजिक यथार्थ र आलोचनात्मक चेत प्रगतिशील साहित्यको अभिन्न अङ्ग हो । नेपाली कथा यात्रामा प्रगतिशील स्रष्टाहरूले यस पक्षको पूरा प्रयोग गर्दै आफ्नो रचनाहरूलाई जनउत्तरदायी तुल्याउँदै अगाडि बढाएका छन् । कथाकार अञ्जान विरही मार्क्सवादी साहित्यिक दृष्टि भएका लेखक हुन् । उनले २०५२ फागुन १ बाट सुरु भएको जनयुद्धको पहिलो चरण अर्थात् २०५५ मै शहादत प्राप्त गरेका हुन् । उनले आफ्ना रचनामा प्रगतिवादी मूल्यलाई भित्र्याउँदै समाजको

यथार्थको अङ्कन र आलोचनात्मक चेत निर्माणको पाटोमा महत्वपूर्ण योगदान पुऱ्याएकाले ‘परिवर्तन’ कथालाई यही आलोचनात्मक दृष्टिबाट विश्लेषण गरिएको छ ।

यस लेखमा अञ्जान विरही (बुद्धिबहादुर श्रेष्ठ, जीवनकाल वि.सं. २०३० - २०५५ गोरखा) द्वारा रचित ‘परिवर्तन’ कथाभित्रका सन्दर्भलाई प्राथमिक स्रोतका रूपमा लिएर जम्मा दुई ओटा उपशीर्षकहरू सामाजिक यथार्थ अङ्कन र आलोचनात्मक चेतलाई मुख्य आधार बनाइ आवश्यकताअनुसारर विवेचना गरिएको छ ।

## (क) सामाजिक यथार्थको अङ्कन

अञ्जान विरही (जीवनकाल वि.सं. २०३०-२०५५) जनयुद्धको प्रक्रियामा संलग्न भएर कलाकारिता र साहित्यिक व्यक्तित्वका रूपमा परिचित छन् । आफूले बाँचेको समयको समाजभित्रको यथार्थलाई उनले कविता, संस्मरण, कथा, उपन्यासमार्फत् बाहिर ल्याए । २०४६ सालपछिको स्थितिबोध गर्दै त्यसमा पनि जनयुद्धको सेरोफेरोमा कथाहरू लेखिएकाले उनका कथाहरूले २०४६ पश्चात् २०५३/०५४ सालसम्मको सामाजिक यथार्थलाई प्रस्तुत गरेका छन् । अञ्जान विरहीलाई बुझ्न जनयुद्ध के थियो, किन भएको थियो भन्ने बुझ्नु अनिवार्य छ । जनयुद्धकालीन समकालीनता बुझ्नु आवश्यक छ । (सुवेदी, २०७९, पृ. १८) अञ्जान विरही सानै उमेरदेखि सचेत बन्दै राजनीतिमा जोडिए । पञ्चायतका पछिल्ला दिन र बहुदलीय प्रजातन्त्रको प्राप्तिले पनि नेतृत्व वर्गमा खासै स्वभावजन्य परिवर्तन ल्याएन । सत्तामा बसेर आफ्नो जीवनलाई मात्र आरामदायी बनाउने सोच र अभ्यास नै उनको साहित्यिक लेखन र राजनीति सक्रियताको कारण बन्न पुग्यो । कथाकारले तत्कालीन स्थितिलाई झल्काउने गरी कथाको परिवेश निर्माण गरेका छन्; हामी बसेको संसार पहिले पूरै अँध्यारो संसार पूरै उज्यालो भयो । (विरही, २०७९, पृ. २९) नेपाली राजनीतिको पञ्चायत र बहुदलको सन्धिकाल राम्ररी भोगेका कथाकारले कथामा पात्र मोटे नेताको मुखबाट सो कुरालाई प्रस्तुत गरेका छन् । लामो राजनीतिक परिदृश्य देखेका र शासनका अनेक नाम भोगेका पाठकहरूलाई सत्यतथ्य सरल रूपमा आम नागरिकको विचारका रूपमा प्रस्तुत तथ्यलाई अगाडि राखिदिन्छन्; अघिका चिउसा हातपाखुरा कस्तो राम्रो डोलो भएका, चाउरिएका गालामा टम्म मासु भरिएका राता गालामा गुराँस फुलिसकेको थियो। खोक्रो पेट टुमुक्क परेको, फेसनमा हेऱ्यो दौरा-सुरुवाल, कोट, कालो छालाको जुत्ता, हातमा बहुमूल्य घडी, त्यो सुख । (पृ. २९) मोटे नेतालाई एउटा प्रतिनिधि पात्रको रूपमा उभ्याएर कथाकारले हजारौं नेताको पूर्व अवस्था र पछिल्लो अवस्थाको राम्रो चित्रण गरिएको छ । कथाकारले ‘परिवर्तन’ कथालाई प्रारुपीकरण गर्ने क्रममा समाजभित्रकै एउटा व्यक्ति कसरी राजनीतिका नाममा सक्रिय भएर जनतालाई जोशिलो तुल्याउँछ र विस्तारै सत्ताको बार्दलीमा पुगेर जनतासँगको हिजोका दिन बिर्सन पुग्छ । “पहिला त सास्ती खेपेकै हो । ढिँडो र गुन्द्रुकमा जसोतसो प्राण धानेको थियो । मोटे नेताजीको दुलही मेला जान्थी । त्यहीँबाट ल्याएको निमेकले समय गुजारेकी थिई । त्यो सबै पहिला भएको, बितेको क्रियाकलाप अहिले सम्झँदा मोटे नेता आकाशबाट खसेजस्तो हुन्थ्यो । मुखाकृति बिग्रिहाल्थ्यो ।” (पृ. २९) नेपाली समाज सामन्तवादी र पितृसत्तात्मक हैकमवादबाट ग्रसित छ । यहाँ समाजमा अनेक खाले विभेदका शृङ्खला रहेको छ । यहाँ ग्रामीण भेग र सामान्य श्रमिक वर्गका मान्छेलाई सत्तामा रहेकाले सधैं विभेदका आँखाले हेर्ने गर्दछन् । शासक फेरिने तर राज्यसत्ताको चरित्र नफेरिने रोग पुरानो वस्तुतथ्यलाई कथाकारले सशक्त ढङ्गले उठाएका छन् ।

राज्यसत्तामा पुग्ने बित्तिकै आदर्श ढल्ने कुराले आजको स्थिति निम्तिएको हो । राणाकाल, प्रजातन्त्रकाल, पञ्चायत र बहुदलीय प्रजातन्त्र मात्र नभएर २०६२/०६३ सालपछि प्राप्त गणतन्त्रमा पनि राजनीतिक नेतृत्व र नोकरशाही नेतृत्वले राज्यको दोहन गरेको परिदृश्य देखेका पाठकले कथाकार अञ्जानको 'परिवर्तन' कथाले प्रस्तुत गरेको तथ्यलाई अनुमोदन गर्दछन् । कथाभित्र विभिन्न पात्रहरूले स्वभाविक हिसाबले आफ्नो भूमिकालाई स्पष्ट पारेका छन्; "साने फरक्क फर्केर टुँडिखेल लाग्ने बाटोतर्फ मोडियो । त्यही मोटे नेताजी गाउँमा जब पहिला बस्दथ्यो त्यतिबेला सानेलगायत थुप्रै केटाहरूलाई जम्मा पारेर भन्ने गर्थ्यो - यो पञ्चायती व्यवस्थाका हिमायतीहरूले जनताको समस्या के छ केही बुझ्नेनन् ।" (पृ. ३२) कथांशले समाजमा वर्ग रहेको र वर्गीय असमानता हटाउन निकै गाह्रो भएको तथ्यलाई उद्घाटन गरेको छ । पञ्चायतको विरुद्धमा आवाज उठाउने प्रजातन्त्रवादी र समाजवादीहरूमात्र होइन गणतन्त्र प्राप्त भएपछिका परिदृश्यमा समेत गुणात्मक परिवर्तन आएको देखिँदैन । कथाकारले सानेमार्फत् निम्न वर्गीय जनताको पीडा सुन्ने स्थिति नआउन्जेल यस्तै रहने सङ्केत सो समयमै गरेका थिए । कथाको शीर्षक 'परिवर्तन'ले रूपको परिवर्तन पक्षलाई परिवर्तन भन्न नसकिने कुरा सामाजिक सन्दर्भहरूबाट पुष्टि गरेका छन् ।

## (ख) आलोचनात्मक चेतको निर्माण

कथाकार अञ्जान विहरीको कथाहरूले जनताको चेतनाको स्तर उकास्नका लागि महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । २०४३/४४ सालदेखि नै सामाजिक चेतनालाई जगाउन साहित्य लेखन र सांस्कृतिक अभियानमार्फत् सक्रिय अञ्जानले आफ्नो अध्ययनको क्षेत्रलाई फराकिलो बनाएको पाइन्छ । "अञ्जान विरहीको राजनीतिक यात्रा २०४३ सालदेखि आरम्भ भएको थियो । बाल्यकालमै खेलकुद समितिमा आबद्ध अञ्जान विरहीले २०४३-०४६ सम्म परोपकार दान विभाग शाखालगायत गाउँस्तरीय सामाजिक काममा सक्रिय हुँदाहुँदै गाउँको फूलबारी सांस्कृतिक परिवारबाट साहित्यिक यात्रा प्रारम्भ गरेका थिए । २०५१ सालमा अभियान सांस्कृतिक परिवारको सचिव भएका अञ्जान विरही प्रगतिशील लेखक सङ्घका सदस्य पनि भएका थिए ।" (सुवेदी, २०७९, पृ. ५) अभियान सांस्कृतिक परिवारको सचिवको जिम्मेवारी सम्हालेपछि उनले २०५२ फागुन १ पछि विकसित घटनाक्रम र जनयुद्धलाई पूर्णरूपमा अवलम्बन गरे । उनी गोरखाको विभिन्न स्थानमा राजनीतिक-सांस्कृतिक अभियानमा सक्रिय हुँदै २०५३ साल पुस १३ गतेबाट जनयुद्धमा पूर्णकालीन कार्यकर्ताका रूपमा सहभागी भए । उनमा रहेको सांस्कृतिक चेत, साङ्गठनिक सक्रियता र नेतृत्व गर्न सक्ने खुबीका कारण छोटो समयमा आन्दोलनभित्र नेतृत्वको रूपमा स्थापित हुनुका साथै राज्यको निशानामा पर्न पुगे । वर्ग युद्धको उदात्त भावना, नवीन विचार र घटनाहरूबाट प्रेरित र प्रभावित विरहीको जीवनयात्रा आलोचनाबाट अगाडि बढेको देखिन्छ । साहित्यले समाज रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने र सांस्कृतिक गतिविधिले व्यक्तिलाई सक्रिय तुल्याउने गहिरो कुरा बुझेका अञ्जानले आफ्ना रचनाहरूमा तीखो आलोचनात्मक चेतको प्रदर्शन गरेका छन् । समाजमा घटित घटनालाई सपाट सतहमा हेरेर मात्र पुग्दैन त्यसप्रति एउटा मानवीय दृष्टिकोण चाहिन्छ । अपुगका विरुद्धमा धारणा अभिव्यक्त गर्नु आलोचक हुनु हो । २०४६ साल पूर्वको पञ्चायती व्यवस्थाका विरोधहीरूले गरेका विरोधको स्तर र बहुदल प्राप्तिपछि तिनै मान्छेहरूले देखाएको व्यवहारले विरहीलाई आलोचक मात्र बनाएन उनलाई विद्रोही र छापामारका रूपमा स्थापित गरिदियो । २०५२ फागुन १ पछि उनले सङ्गठक, अभियन्ता, साहित्यिक व्यक्तित्व मात्र नभएर

एउटा कुशल नेताका रूपमा उभ्याउनुमा उनको यथास्थितिप्रतिको विमति र नवीन यात्राको तयारी नै थियो । सोही विषयलाई उनले 'परिवर्तन' कथामार्फत् पनि अभिव्यक्त गरेको पाइन्छ ।

> "तीनतले बिल्डिङ घर नेपालमा मोटे नेताजीको । मोटे नेताजीको उन्नति देखेर उनका गाउँलेहरू निकै प्रशंसा गर्दछन् । आफ्नो प्रिय नेताजीलाई भोट हालेर चुनावमा जिताएर पठाएको उनीहरूले । घरभित्र अहिले बैठक कोठा, बाथरुम, पूजाकोठा, किचन कोठा, पाहुना कोठा ... के के हो, थुप्रै कोठाहरू थिए ।" (पृ. ३०)

आम नागरिकको जीवनस्तर उकास्ने प्रतिबद्धता गरेर गएको नेताले जब आफ्नो बन्दोबस्तका लागि सोच्छ । त्यतिबेला आलोचना पचाउने सामर्थ्य नेताले गुमाउँछ । साथसाथै पछौटेहरू जयगानमा लिप्त हुन्छन् जसको उदाहरणका रूपमा शिवे, साधुरामले भूमिका निर्वाह गरेका छन् । साने भन्ने पात्रले ऐतिहासिक सन्दर्भलाई उठाउनु आलोचनात्मक चेतको एउटा उदाहरण हो । जनताको भोट लिएर आफ्नो निजी बन्दोबस्तका लागि तल्लीन भइरहेको एउटा जनप्रतिनिधिले पेट भर्न नपाएको, आङ छोप्न नसकेको युवालाई केही गर्न सक्ने नीति र विधि तय गर्न सक्दैन भने त्यस प्रतिनिधिको अर्थ केही हुँदैन ।

परिवर्तनको कुरा गरेर जीवनलाई ऐश आरामसम्म पुऱ्याउने नेतालाई साने जस्ता गाँसबास कपासको चिन्ता छैन । जनताको प्रतिनिधि भएर जनविरोधी क्रियाकलापमा सामेल हुने मोटे नेताहरू नै व्यवस्थाका धमिरा हुन् । भोकभोकै दश रात भइसकेको थियो पाटीमा थाङ्नो बोरो ओडेर कुत्रुक्क कुकुर दोब्रे जसरी सुतेर रात कटाएको । रोड ... सडक दिनभर चहार्‍यो तर खोजेको कुरा कतै भेट्टाउन सकेन । बल्लतल्ल भेट भएको नेताजीले कहिले आइस बाबु पनि भनेर सोधेन । (पृ. ३१) कथाकारले जनविरोधी व्यवस्था फालेर प्रजातन्त्र आए पनि जनताको अधिकारको निम्ति लड्नेलाई बेवास्ता गरेकोप्रति आक्रोश अभिव्यक्त गरेका छन् । कथाकार नेपाली सचेत युवाहरूलाई माटोको ऋण चुक्ता गरेर अगाडि बढ्न आह्वान गर्दछन् । 'परिवर्तन' कथा २०४६ सालपछि देखा परेको राजनीतिक व्यवस्थाले थुपारेका फोहोरलाई फालेर अगाडि बढ्न प्रेरित गर्ने कथा हो । २०४८ सालमा भएको चुनावबाट निर्वाचित सरकारले आफ्नो कार्यसम्पादन गरी पूरा कार्यकाललाई सही ढङ्गले सदुपयोग गर्न नसक्नु र २०५१ सालमा मध्यावधि चुनाव भई झन् कमजोर राजनीति परिवेश विकास हुँदा जनतामा आएको निराशालाई २०५२ फागुन १ गते घोषित कार्यक्रमले फरक ढङ्गले सम्बोधन गर्ने सङ्केत समेत कथामा देखिन्छ । कथामा कथागत संरचनाको स्तर सिकारु खालको भए पनि यसले लिएको विचार निर्माणको पाटो ज्यादै महत्वपूर्ण छ । भोको पेट अपमान सहेर बाँचेका सानेहरूको जीवनको लयभित्र कुनै समय आशाको सञ्चार गराउने मोटे नेता नै आफूमात्र अमनचयनको जिन्दगी बाँच्ने र जनसामान्यको बेवास्ता गर्ने यात्रामा रहेको कुरालाई कथाकारले पूर्वदीप्ति शैलीमा प्रष्ट पारेका छन् । सीमित पात्र र त्यसभित्र पनि धेरै पात्रको लगाव लेनदेनको दुनियाँमा रमाउने, आफू र आफ्नालाई मात्र वास्ता गर्ने खालको नतिजामा पुग्नुपूर्वको घटनालाई रोचक ढङ्गले प्रस्तुत गरेको पाइन्छ;

> "यो पञ्चायती व्यवस्थाका हिमायतीहरूले जनताको समस्या के छ केही बुझेनन् । देशमा उन्नतिका कामहरू पटक्कै गरेन । महँगी बढ्यो, स्वतन्त्रतापूर्वक हिँड्न पाइन्न । बोल्न पाइन्न । यस्तो कडा शासन । पञ्चे माननीयहरू चुनावमा मात्र गाउँ पस्छन् । भोट पाएर जितेपछि काठमाडौँ बस्छन् । कस्ता बाठा ! कस्तो व्यक्तिगत सुखसयलमा

डुब्छन् । कहाँबाट देशको उन्नति हुनु । भ्रष्टाचार, तस्करीहरूको बिगबिगी केही हेरिसाध्य छैन, केही सुनिसाध्य छैन । यसका विरुद्ध हामी किसान मजदुर उठ्नुपर्छ । यो निरङ्कुश व्यवस्था फाल्नुपर्छ । देश बनाउनका लागि तपाई हामी नउठी हुँदैन, पञ्चेलाई तह नलगाइ हुँदैन ... आज त्यही नेताजी आँखाले हेर्नसम्म हेर्दैन । बोल्नसम्म पैसा लाग्लाझैँ अड्कलेर बोल्छ ।" (पृ. ३२)

कथाकारले नेपाली राजनीतिमा नेता र जनताको सम्बन्ध र स्तरलाई सपाट देखाइदिएका छन् । साने भन्ने पात्र पञ्चायत फाल्नका लागि सहयोग गर्ने र नयाँ व्यवस्था आएकोमा खुशी हुने पात्र हो । तथापि कथाको सुरुमा नै खुशी हुनुपर्छ भनेर खुशी हुन सकिने पनि त होइन ? भन्ने आशय झल्कने पहिलो अनुच्छेदको कुराले जनताको जनजीविकाको प्रश्नलाई पुनः एकपटक सतहमा ल्याइदिएको छ ।

पञ्चायती व्यवस्थाले अन्त्यसम्म आउँदा देखाएको स्वार्थीपन र धाक रवाफ बहुदलको ५/६ वर्षमै त्यही तहमा पुगेका कारण जनता जाग्रत हुन कथामार्फत् सचेत पात्र उभ्याएर कथाकारले अभियान छेडेका छन् । २०५३ सालसम्म आइपुग्दा त देशमा एउटा संसदको अल्पायुमा विघटन भई अर्को संसदका लागि चुनाव, अल्पमतको सरकार ढाल्न अनेक खालका साँठगाँठ र सांसद किनबेच जस्ता विषयले जनता वाक्कदिक्क भएको विषयतर्फ सङ्केत गरिएको छ । जनप्रतिनिधि हुनु भनेको आफ्नै व्यवस्थाका लागि हो भन्ने बुझाइमा निर्वाचित जनप्रतिनिधि (केन्द्रीयदेखि स्थानीय तहसम्मका)लाई समेत परेकाले जनता त्यसको विपक्षमा उठ्न थालेको सङ्केत यहाँ स्पष्ट देखिन्छ । स्वाभिमानी नेपाली जनता तथाकथित नेताको झोले र भरौटे हुन स्वीकार गर्दैन । गुण र दोषका आधारमा योजनासहित अगाडि बढ्छ । त्यो आलोचनात्मक चेत जीवनमाथि खतरा आइलागे पनि व्यहोर्न तयार रहेको तथ्य कथामा स्पष्ट रूपमा आएको छ । अञ्जानको कथा र कथा कलालाई चर्चा गर्ने क्रममा समालोचक ऋषिराज बरालको विचार यहाँ सान्दर्भिक देखिन आउँछ; कथा हेर्दा २०४६ सालदेखि २०५३ सालसम्म लेखिएका कथाहरू यसमा संलग्न गरिएका छन् । अर्थात् पञ्चायती कालदेखि नेपालमा जनयुद्ध सुरु भएको कालगत स्थितिलाई यसभित्रका कथाहरूले प्रतिनिधित्व गर्छन् । (बराल, २०७९, पृ. २०) कथाकारको समग्र कथाको भूमिका लेख्ने क्रममा बराल कथाको कालावधि र कथाकलाको बारेमा गरिएको टिप्पणीले एउटा सचेत युवा जो समाज विकासको यात्रामा आलोचनासहित पाठकलाई सिकारु खालको भए पनि आख्यानको माध्यमबाट सचेत पार्न चाहन्छ । बरालका अनुसार पनि कथाकार अञ्जान विरही 'प्रतिशोध', 'परिवर्तन', 'मध्यरातको गर्जन'जस्ता कथाहरूमा आफ्नो प्रतिभाको गतिलो छाप छोड्न सफल कथाकार हुन् । जम्मा २५ वर्ष मात्र भौतिक रूपमा बाँचेका कथाकारले २०-२१ वर्षकै उमेरमा नै यस खालको लेखनले आत्तिएर नै राज्यसत्ताले अनेक षड्यन्त्र गरी उनको हत्या गरेको प्रष्टै बुझ्न सकिन्छ । 'परिवर्तन' कथा परिवर्तनप्रतिको हुटहुटी र समाजको यथार्थ चित्रणमा केन्द्रित रहेको छ । नेपाली समाजमा बढिरहेको असन्तोषको ज्वालाले समाजलाई बुझ्नु मात्र होइन बदल्न नै खोजेको सङ्केत कथामा रहेको आलोचनात्मक चेतका आधारमा पुष्टि गर्न सकिन्छ ।

अञ्जान विरहीको 'परिवर्तन' शीर्षकको कथा समाजको यथार्थ चित्रण गर्ने सुन्दर कथा हो । यस कथामा कथाकारले नेपाली समाजको आम मानिसले बोध गरेको विषय कथा भन्न सामान्यभन्दा सामान्य पात्रलाई स्थापित गराएर सरल र सुस्पष्ट ढङ्गले पाठकसँग संवाद गर्ने जमर्को भएको छ ।

शीर्षक, विषय चयन, भाषा, शैलीगत प्रयोगका साथै पात्रहरूलाई उचित भूमिका निर्वाह गर्न लगाएर नेपाली राजनीति र नेपाली समाजको अन्तर्द्वन्द्वलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । वैचारिक हिसाबले कथा प्रगतिशील चेत निर्माण गर्न सफल भएको छ । नेपाली समाजले देशमा सञ्चालित पञ्चायती व्यवस्थाको कार्य सम्पादनगत कमजोरी बहुदलीय प्रजातन्त्रले जनताप्रतिको जिम्मेवारीमा गरेको गद्दारीका सङ्केतका साथै जनतामा उठ्दै गरेको विद्रोहको ज्वालाका पूर्वरूपहरूलाई यहाँ लिपिबद्ध गरिएको पाइन्छ । कथाकार मोटे नेता, शिवे, साधुराममार्फत् दलीय दलदलमा लागेर न्याय र समानताभन्दा चाकडी र चाप्लुसी प्रवृत्ति मौलाउँदै गएको कुरालाई देखाउन जति सबल छन् त्यसभन्दा बढी सानेमार्फत् बदलिएको व्यवस्था र नबदलिएको आम नागरिकको दैनिकी साथै नेतृत्वले आफूलाई सधैँ सर्वेसर्वा ठानेर कमाउधन्दामा लाग्ने यात्राको जीवन्त नमूना पनि यहाँ देखाइएको छ । साने निम्न वर्गीय पात्र हो । ऊ यही समाजको जीविको चलाउन नसक्ने पात्र हो । व्यवस्थाले पालैपालो ठग्दै आएको एक सक्कली नेपाली श्रमिक वर्गको प्रतिनिधि पात्रको रूपमा सानेको मुखबाट कथाकारले बोलेको कुरा नेपाली समाजको आजको समेत यथार्थ हो । कथाकार कथामा साने बनेर देखा परेझैँ लाग्छ भने आफूलाई जनताका प्रतिनिधि भनेर आवधिक चुनाव जितेर अबिर पहिरिनेहरूको शोषणको यात्राको शृङ्खला आज पनि नटुटेजस्तो लाग्नु 'परिवर्तन' कथाको शक्ति हो । कथामा समाजको यथार्थलाई प्रत्यक्ष संवादभन्दा परोक्ष रूपमा प्रस्तुत गरिएको छ । कथाको प्रारूपीकरणमा समेत उचित ध्यान पुगेको देखिन्छ तथापि कथाकारको यो कथा प्रारम्भकालीन कथा नै हो । कथा सरल भाषामा विचारको सम्प्रेषण गर्न सफल देखिन्छ । आलोचनात्मक चेत कथाको केन्द्र भागमा रहेको छ जसले यथास्थितिलाई सहयोग र समर्थन नगरी अग्रगामी विकासको यात्रामा लागिरहन उत्प्रेरित गरेको छ ।

## निष्कर्ष

'परिवर्तन' कथा पञ्चायत व्यवस्था र बहुदलको प्रारम्भिक कार्यसम्पादनको क्रममा जनताले व्यहोरेको पीडाको पृष्ठभूमिमा लेखिएको प्रगतिवादी कथा हो । यस कथामा व्यवस्था बदलिए पनि जनताको अवस्था नबदलिएको कुरालाई पात्रहरूको माध्यमबाट सशक्त ढङ्गले प्रस्तुत गरिएको छ । वाक् तथा प्रकाशन स्वतन्त्रतासहितको बहुदलीय व्यवस्थामा पनि उही पञ्चायती सामन्ती चिन्तन र सोहीअनुसारको व्यवहार दोहोरिएका कारण जनता विस्तारै नवीन ढङ्गले प्रतिरोधको बाटो समात्न खोज्दै गरेको कुरालाई कथामा चित्रण गरिएको छ । सत्ता दबाउन क्रियाशील हुँदा जनता सो कुरा मान्न तयार हुँदैन । जनताले पाउनै पर्ने आधारभूत अधिकार र जीवन गुजाराका उपायमाथि नै प्रतिबन्ध लगाउन खोजेपछि मोटे नेताको विपक्षमा सानेहरूले आवाज उठाउन थालेको देखाइएको छ । समाजमा रहेको यथार्थ विषय र परिवेशलाई वर्गीय पात्रहरूको उपस्थिति गराइ निम्न वर्गमा बढ्दै गएको चेतको स्तरलाई देखाउन कथा सफल भएको देखिन्छ । निम्न वर्गका पात्रहरू विगतमा जस्तो दबेर बस्ने नभइ आफ्नो घेरालाई ठूलो बनाउँदै सङ्घर्षको योजना लागेको सङ्केत कथामा प्रस्तुत भएको छ । जनप्रतिनिधि बनेर जनताको सेवा गर्नुभन्दा आफ्नै हित र निजी स्वार्थका निम्ति लागि पर्ने परम्पराप्रति प्रश्न उठाउन सक्नु नै कथामा रहेका सानेजस्ता निम्न वर्गका पात्रको चेतनाको विकासको सूचक हो । समाजलाई ठीक ढङ्गले अगाडि बढाउन समाजमा रहेका उच्च र निम्न वर्गका बीच सङ्घर्ष स्वभाविक भए पनि निम्न वर्गमा चेत भर्न र सङ्गठित गर्न शासन सत्ता नै बाधक भएको निष्कर्ष कथामा रहेको छ । यस आधारमा हेर्दा कथाकार अन्जान विरहीको 'परिवर्तन' कथा सफल रहेको छ ।

## सन्दर्भ-सामग्री सूची

अधिकारी, तेजविलास . (२०६५) . समीक्षा सन्दर्भ, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

अधिकारी, तेजविलास . (२०६९) . *सहिद स्रष्टा परिचय कोश,* काठमाडौँ, नेपाल प्रज्ञाप्रतिष्ठान ।

अर्याल, मुरारी . (२०४७) . मार्क्सवाद, काठमाडौँ : स्रष्टा प्रकाशन ।

चापागाई, निनु . (२०६७) . "मार्क्सवादी समालोचना, विधि र मानदण्ड" मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य (२०६७) सम्पा. घनश्याम ढकाल र अन्य, काठमाडौँ : अखिल नेपाल लेखक सङ्घ, केन्द्रीय समिति ।

ढकाल, घनश्याम र अन्य . (२०६७) . सम्पा. मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य, काठमाडौँ : अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समिति ।

ढकाल, घनश्याम . (२०८१) . कथा समग्र सम्पा. कृष्णराज अधिकारी र बन्दना ढकाल, काठमाडौँ : घनश्याम ढकाल सांस्कृतिक प्रतिष्ठान ।

बराल, ऋषिराज . (२०५५) . "कथाको माध्यमबाट अञ्जानलाई बुझ्न खोज्दा" अञ्जान विरहीका कथाहरू (दो.सं. २०७९) भूमिका (पृ. १९-२१) ।

पौडेल, गोपीन्द्र . (२०७९) . *कथा परिशीलन,* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

लामिछाने, कपिल . (२०८१) . लघुकथा समालोचना, काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

वाग्ले, कृष्णप्रसाद 'रूपेश' . (२०७३) . गोरखा र जनयुद्ध, गोरखा : नेपाल कम्युनिष्ट पार्टी माओवादी जिल्ला सङ्गठन समिति ।

श्रेष्ठ, बुद्धिबहादुर 'अञ्जान विरही' . (२०७९) . *अञ्जान विरहीका कथाहरू,* काठमाडौँ : रातो खबर प्रकाशन गृह ।

सुवेदी, अशोक . (२०७९) . "अञ्जान विरहीका कथाहरू जनयुद्ध सिर्जित नयाँ यथार्थको आरम्भिक प्रतिविम्बन", अञ्जान विरहीका कथाहरू भूमिका (पृ. ३-१८) ।